# श्री सिद्धि गणेश
## बचत तथा ऋण सहकारी संस्था लि.
**SHREE SIDDI GANESH SAVING & CREDIT CO-OPERATIVE LTD.**

Gorkha Municipality-6, Haramtari, Gorkha, Phone 064-421555, 421556

website: www.siddiganesh.com.np e-mail: siddiganeshgrk@gmail.com


# १३औं
# साधारण सभा
# बार्षिक प्रगति प्रतिवेदन



**सदस्यको नाम :** ........................................................................

**सदस्यको ठेगाना :** ......................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

# कार्यक्रम

**उद्घाटन सत्र कार्यक्रम**

- मिति : २०८० भाद्र २ गते शनिवार ।
- स्थान : होटल मिराकल, हरमटारी, गोरखा ।
- उपस्थिति : ९ बजेदेखि
- खाना समय : ९:३० देखि ११ बजेसम्म
- साधारण सभा शुरु हुने समय : बिहान ठीक ११ बजेदेखि ।
- आसन ग्रहण
- राष्ट्रिय गान
- स्वागत मन्तव्य
- समुद्घाटन कार्यक्रम
- संस्थाको प्रगती प्रतिवेदन एवं भावी लक्ष्य तथा कार्यक्रम प्रस्तुत
- संस्थाको आर्थिक प्रतिवेदन प्रस्तुत
- शुभकामना मन्तव्य
- मायाको चिनो वितरण
- धन्यवाद मन्तव्य

**बन्द सत्र कार्यक्रमका प्रस्तावित बिषयहरु**

१, संस्थाको प्रगती प्रतिवेदन प्रस्तुत/छलफल तथा अनुमोदन र भावी कार्यक्रम प्रस्तुत तथा अनुमोदन
२, आ.व. ०७९।८० को लेखापरीक्षण एवं संस्थाको आर्थिक प्रतिवेदन प्रस्तुत/छलफल तथा अनुमोदन
३, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत
४, सेयर लाभांश पारित गर्ने तथा वितरण गर्ने सम्बन्धमा
५, संरक्षित पूँजी फिर्ता कोष तथा कर्मचारी बोनस पारित गर्ने तथा वितरण सम्बन्धमा
६, लेखापरिक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा
७, बिनियम पुनर्लेखन सम्बन्धमा
८, मासिक बचत फिर्ता तथा नियमित नगर्ने सदस्यलाई जरीवाना तथा सदस्यता खारेजी सम्बन्धमा
९, निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि छनोट गर्ने सम्बन्धमा
१०, साधारण सभाबाट उठेका अन्य विविध विषयहरु

**खाजा समय**

**समाप्त ।**

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

हरमटारी, गोरखा ।

तेह्रौं बार्षिक साधारण सभामा सचिव काजीराम श्रेष्ठबाट प्रस्तुत

**प्रगति प्रतिवेदन**

***२०८० भाद्र २ गते***

आदरणीय अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, संस्थापक अध्यक्षज्यू, अतिथिज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू तथा सदस्यज्यूहरु, संस्थाका पदाधिकारीहरु एवं सदस्यज्यूहरु, विभिन्न समिति तथा उपसमितिका संयोजक तथा सदस्यज्यूहरुमा तेह्रौं बार्षिक साधारण सभाको यस अवसरमा स्वागत अभिवादन व्यक्त गर्दछु । राष्ट्रिय तथा अन्तराष्ट्रिय घटनाक्रमहरुको कारण राज्यको अर्थतन्त्रमा पर्न गएको फेरबदलले हाम्रो जस्तो दुर्गम तथा पहाडी भुभागमा पर्ने जिल्लाको पनि गोरखा नगरपालिका भित्र मात्र सिमित आर्थिक कारोबार गर्ने यस संस्थाले विभिन्न आरोह अवरोहको बाबजुत पनि बाह्रौं बसन्त पार गर्दै तेह्रौं बार्षिक साधारण सभाको यो घडीमा प्रवेश गरेका छौं । यो आ.व. २०७९।८० मा आर्थिक संकटका कारण सम्पूर्ण खालको व्यवसायहरुमा परेको असरले हाम्रो संस्थाको आर्थिक कारोबारमा पनि प्रत्यक्ष प्रभाव पर्न गयो । यसैलाई मध्यनजर गर्दै संस्थाका संचालकज्यूहरु, सल्लाहकारज्यू, विभिन्न उपसमितिका सदस्यज्यूहरु, कर्मचारीहरु र सेयर सदस्यज्यूहरुको सामूहिक प्रयासले संस्थामा केही बढ्न गएको शंकास्पद ऋणीहरुको मात्रा कम गर्न सफल भएको कुरा सम्मानित सभा समक्ष राख्न चाहन्छु । जुन कुरा कोषाध्यक्ष तथा लेखापरीक्षणको प्रतिवेदनले पनि पुष्टि गर्दछ । आगामी दिनमा संस्थाले आर्जन गरेको सकारात्मक र नकारात्मक दुवै पक्षको समिक्षा गर्दै आईपर्ने चुनौतिहरुको सामना गरी संस्थालाई अरु उचाईमा पुऱ्याउन सम्पूर्ण सेयर सदस्यज्यूहरुको निरन्तर सल्लाह, सुझाव र सद्भाव रहनेछ भन्ने मैले पुर्ण विश्वास लिएको छु । तेह्रौं बार्षिक साधारण सभाको यो घडीमा संस्थाको तर्फबाट सचिवको हैसियतले सम्पूर्ण सेयर सदस्य महानुभावहरुलाई धन्यवाद एवं उच्च सम्मान व्यक्त गर्दै आ.व. २०७९।८० को प्रगति प्रतिवेदन प्रस्तुत गर्दैछु ।

## संस्थाको संक्षिप्त इतिहास

आदरणिय सेयर सदस्यज्यूहरु,

गोरखा नगरपालिका भित्र कार्यक्षेत्र रहने गरी २७ जना सेयर सदस्यहरु मिली एकातिर आर्थिक, सामाजिक र साँस्कृतिक विकास गर्ने, अर्कोतिर एकआपसमा सहयोग आदानप्रदान र भाईचाराको सम्बन्ध स्थापना गर्दै संस्थागत रुपमा श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. गोरखा नामाकरण गरी गोरखा जिल्लाको सहकारी इतिहासमा एउटा उदाहरणीय र नमुना सहकारीको रुपमा आफुलाई चिनाउने लक्ष्यका साथ २०६७ पौष १७ गते सहकारीको स्थापना गराउनको लागी छलफल शुरु गरी २०६७ माघ १ गते सम्पन्न प्रथम प्रारम्भिक भेलाले श्री अच्युतलाल श्रेष्ठको अध्यक्षतामा तदर्थ समिति गठन गरी २०६७ माघ २६ गते डिभिजन सहकारी कार्यालय दमौलीमा विधिवत् दर्ता गराई २०६८ बैशाख २३ गते शुक्रबारदेखि साविक गो.न.पा.-३, हरमटारीमा संस्थाको काउन्टर स्थापना गरी कारोबार शुरु गरिएको हो।

**संस्थाको उद्देश्य**

राज्यले तय गरेको सहकारीको मुल्य, मान्यता र सिद्धान्तको आधारमा हाम्रो समाजमा उपलब्ध श्रोत र साधनलाई एकिकृत र परिचालन गरि संस्थामा आबद्ध सदस्यहरुबाटै निर्मित विधि–विधान, निति–नियम अनुसार हामीबाटै परिचालन र नियन्त्रण गरी सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक उन्नति गर्ने आबद्ध सेयर सदस्यहरुको साझा उद्येश्य हो अर्थात निम्न तथा मध्यम आय भएका व्यक्ति तथा व्यवसायीहरु सहकारीताको माध्यमबाट एउटै समूहमा संगठीत भई छरिएर रहेको पुँजीलाई एकत्रित गर्दै आवश्यकता अनुसार बचत गरी ऋण प्रवाह गर्ने र सेवाबाट आर्जित मुनाफालाई सहकारी ऐन र नियमानुसार दामासाहीले वितरण गर्ने मुख्य उद्येश्य रहेको छ ।

संस्थाको उद्येश्य अनुरुप संस्थाको नेतृत्व गर्न यस संस्थामा संचालक समिति, लेखा सुपरीवेक्षण समिति र विभिन्न उपसमितिहरुमा निम्नानुसारको पदाधिकारी एवं सदस्यज्यूहरु रहनु भएको छ ।

| क्र.सं | नाम | पद |
|---|---|---|
| १ | शरद बाबु कट्टेल | अध्यक्ष |
| २ | श्रवण कुमार जोशी | उपाध्यक्ष |
| ३ | काजीराम श्रेष्ठ | सचिब |
| ४ | विशाल राना मगर | कोषाध्यक्ष |
| ५ | ज्ञानहरी अर्याल | संचालक/संयोजक ऋण उप समिति |
| ६ | भोला प्रसाद मरहट्टा | संचालक/संयोजक धितो मुल्यांकन उप समिति |
| ७ | बसन्त बस्नेत | संचालक/संयोजक शिक्षा उप समिति |
| ८ | गोकर्ण बहादुर राना मगर | संचालक |
| ९ | नारायण खत्री | संचालक |
| १० | कृष्ण कुमार श्रेष्ठ | लेखा सुपरीवेक्षण समिति संयोजक |
| ११ | मनकाजी श्रेष्ठ | लेखा सुपरीवेक्षण समिति सदस्य |
| १२ | जगन सिं गुरुङ्ग | लेखा सुपरीवेक्षण समिति सदस्य |
| १३ | अच्युतलाल श्रेष्ठ | सल्लाहकार तथा संस्थापक अध्यक्ष |
| १४ | डण्डपाणि कट्टेल | ऋण उप समिति सदस्य |
| १५ | कृष्णमान श्रेष्ठ | ऋण उप समिति सदस्य |
| १६ | शिवध्वज खत्री | धितो मुल्यांकन उप समिति सदस्य |
| १७ | रामहरी के.सी. | धितो मुल्यांकन उप समिति सदस्य |
| १८ | प्रमिला अधिकारी | शिक्षा उप समिति सदस्य |
| १९ | शान्ति अर्याल | शिक्षा उप समिति सदस्य |

आदरणीय प्रमुख अतिथि एवं शेयर सदस्यज्यूहरु,

२०७९ भाद्र ४ गते सम्पन्न संस्थाको बाह्रौं साधारणसभामा प्रस्तुत गरिएको भावि कार्यनिति तथा कार्यक्रम बमोजिम संस्थाले गरेको आ.व. २०७९/८० को प्रगति विवरण बुँदागत रुपमा प्रस्तुत गर्दैछु।

१) आ.व. २०७९।८० मा संचालक समितिको जम्मा १४ वटा बैठक सम्पन्न गरिएको छ ।

२) संस्थामा हालसम्म महिला सेयर सदस्य ६५१ र पुरुष सेयर सदस्य ७०४ गरी १३५५ जना सेयर सदस्य रहनु भएको छ ।

३) संस्थाको बाह्रौं बार्षिक साधारण सभा २०७९ भाद्र ४ गते शनिबार होटल मिराकलमा गोरखा नगरपालिकाका नगर प्रमुख कृष्ण बहादुर राना मगर ज्यूको प्रमुख आतिथ्यतामा विभिन्न कार्यक्रमहरु सहित सम्पन्न गरियो ।

४) २०७९ कात्तिक २४ गतेदेखि २८ गतेसम्म संस्थाका सेयर सदस्यहरुको अध्ययन अवलोकन भ्रमण नेपालको पश्चिमी भुभाग बुटवल हुँदै महेन्द्रनगरसम्म सम्पन्न गरियो ।

५) शंकास्पद ऋणीहरुको संख्यामा देखिएको बृद्धिको रोकथाम तथा न्युनिकरणको लागी संस्थाको संचालक समिति र ऋण उपसमितिलाई ६ वटा समूहमा विभाजन गरी प्रत्येक शंकास्पद ऋणीहरुको घरघरमा पुगी पत्र सहित भेटघाट सम्पन्न गरियो ।

६) संस्थागत कारोबारलाई प्रोत्साहन स्वरुप गरिमा विकास बैंकमा खाता खोली कारोबार गरिएको छ ।

७) संस्थामा तरलताको अभाव महशुस गरी २०७९ मसिर ८ गतेदेखि लागु हुने गरी बचतका विभिन्न शिर्षकहरुमा व्याजदर बृद्धि गरियो ।

८) बचतलाई प्रोत्साहन र शेयर सदस्यहरुको नानीबाबुहरुको उज्वल भविष्यको परिकल्पना गर्दै १६ बर्ष उमेर पुरा भए पश्चात मात्र रकम फिर्ता हुने र १० प्रतिशत व्याजदर निर्धारण गरी बाल भविष्य बचत खाता संचालनमा ल्याएका छौं ।

९) संस्थामा कार्यालय सहायक पदमा कार्यरत कर्मचारी श्री कपिल कट्टेललाई २०७९ चैत १ गतेदेखि लागु हुनेगरी स्थायी नियुक्ती गरिएको छ ।

१०) २०८० जेठ ४ गतेको संचालक समितिको बैठकले अर्थतन्त्रमा आएको फेरबदलको कारण मुद्धति खातामा मात्र व्याजदर परिवर्तन गरी ११ प्रतिशत कायम गरिएको छ ।

११) संस्थाले संचालन गरेको ई-बैंकिङ्ग तथा मोवाईल एप्सबाट आफ्नो बैंक खातामा रकम पठाउनको लागी खल्ती वालेट संग सहकार्य गर्दै प्रति कारोबार रु.१०,०००।- सीमा निर्धारण गरी कार्य आरम्भ गरेको र सो कार्यको लागी खल्ती वालेटमा हाललाई रु.१,००,०००।- धरौटी स्वरुप जम्मा गर्ने निर्णय भएको जानकारी गराउँदछु ।

१२) संस्थामा हाल ६ जना कर्मचारीहरुद्धारा कार्य संचालन गर्दै आईरहेको कुरा जानकारी गराउँदछु ।

१३) राष्ट्रिय सहकारी बैंकको १०० कित्ता शेयर खरिद गरी सदस्यता लिने र खाता संचालन गर्ने निर्णय गरिएको छ ।

१४) संस्थाको आ.व. २०७९।८० को लेखापरिक्षणको लागी वि एण्ड एसोसिएट्स्का रजिष्टर्ड अडिटर विष्णु प्रसाद बराललाई नियुक्ति गरी लेखापरिक्षण सम्पन्न गरियो ।

१५) बाह्रौं साधारण सभाको अख्तियारी बमोजिम संस्थाको ऋण निति तयार गरी लागु गरिएको छ ।

१६) संस्थामा लामो समयसम्म मासिक बचतमा सहभागी सदस्यहरुलाई ध्यानमा राख्दै मासिक बचतमा दिईएको व्याजदरमा २ प्रतिशतले थपेर बर्षमा १२ किस्ता निर्धारण गर्दै मासिक बचतको ९० प्रतिशतसम्म ऋण लगानी गर्ने गरी मासिक बचत कर्जा शिर्षकमा लगानी गर्ने निर्णय गरिएको छ ।

१७) संस्थाले सामाजिक उत्तरदायित्व बहन गर्दै विगतदेखि संस्था स्थापनाकालको अवसरमा विभिन्न सामाजिक कार्यहरु गर्दै आईरहेकोमा संस्थाको बाह्रौं स्थापना दिवसको अवसरमा गोरखा अस्पतालमा सेवाग्राहीहरुलाई सुचना प्रदान गर्न आवश्यक ४३ ईन्चको डिजिटल सुचना बोर्ड २०७९ माघ २६ गते एक कार्यक्रमको आयोजना गरी अस्पताल विकास समितिका अध्यक्षलाई हस्तान्तरण गरियो ।

१८) संस्थाको निति, नियम र परिधी भित्र रही प्रक्रिया पुऱ्याई ऋण उपसमितिको सिफारिसमा लगानी भएका सम्पूर्ण ऋणहरुको अनुमोदन गरिएको छ ।

१९) यस आ.व.को मुनाफा मध्येबाट विनियममा व्यवस्था भए अनुसारको रकम विभिन्न कोषमा रकमान्तर गरिएको छ ।

२०) संस्थाको कुल शेयर पुँजी रु.३,७८,७२,९००।- बाट बृद्धि भई यो बर्ष रु.३,८१,१७,४००।- पुगेको छ भने सम्पूर्ण शिर्षकमा रु.१८,४२,९२,६९५।- बचत गरी त्यसमध्येबाट रु.१५,२४,८९,१६७।- लगानी गरी यस बर्ष संस्थाले रु.३,०९,६८७।- कर कट्टी गरी रु.६१,९३,७३२।- खुद मुनाफा आर्जन गर्न सफल भएको छ ।

२१) आर्थिक बर्ष २०७९/८० मा संस्थाले आर्जन गरेको मुनाफा मध्येबाट वितरणयोग्य लाभांश वितरणको लागी यस साधारण सभामा प्रस्ताव पेश गरिएको छ ।

२२) यस बर्षको आम्दानीबाट कर्जा नोक्सानी कोषमा रु.१०,२१,१११।- थप विनियोजन गरिएको छ । उक्त कोषमा हाल रु.३८,५८,८०९।- रहने गरी कर्जा नोक्सानी कोषको व्यवस्था गरिएको छ ।

२३) संस्थाले खरिद गरेको जग्गामा संस्थाको घर निर्माणको लागी छनौट भएको निर्माण कम्पनी सचेत कन्स्ट्रक्सन प्रा.लि. ले २०७९ चैतमा घर निर्माण सम्पन्न गरी विल पेश भई आएकोमा सो को विल भुक्तानी गरिएको छ ।

आदरणीय शेयर सदस्यज्यू,

अब म आ.व. २०७९।८० मा संस्थाबाट सहभागिता जनाईएको विभिन्न कार्यक्रमहरुको बारेमा जानकारी गराउँदछु ।

- नेफ्स्कुनको आयोजनामा २०७९ भाद्र ३१ र असोज १ गते गोरखाको होटल ईनमा सम्पन्न बजार प्रतिनिधि तथा संस्थाको अग्रभागमा बस्ने कर्मचारीको क्षमता विकास तालिममा संस्थाका कर्मचारी मुनु जोशी र एलिना ढकालको सहभागिता रह्यो ।
- नेफ्स्कुनको आयोजनामा २०७९ असोज ३ र ४ गते गोरखाको होटल ईनमा सम्पन्न भाखा नाघेको ऋण व्यवस्थापन तालिममा संस्थाका प्रबन्धक गणेश श्रेष्ठको सहभागिता रह्यो ।
- नेफ्स्कुनको आयोजनामा २०७९ असोज ८ गते लमजुङ्गमा भएको ऋण असुली तथा धितो लिलामको कानुनी प्रक्रिया सम्बन्धी गोष्ठीमा संस्थाका प्रबन्धक गणेश श्रेष्ठको सहभागिता रह्यो।

- २०७९ मंसिर १४ गते होटल गोरखा प्यालेसमा सहकारी रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशको आयोजना र राष्ट्रिय सहकारी बैंक दमौली शाखाको समन्वयमा आयोजित १ दिने सहकारी सम्बन्धी समसामयिक विषयमा भएको अन्तक्रिया कार्यक्रममा संस्थाका अध्यक्ष शरद बाबु कट्टेलज्यू र प्रबन्धक गणेश श्रेष्ठको सहभागिता रहृयो ।
- गोरखा नगरपालिकाको आयोजनामा २०७९ चैत २० गते ६६ औं सहकारी दिवसको अवसरमा भएको विशाल न्याली सहितको कार्यक्रममा यस संस्थाले मञ्च तथा कार्यक्रमस्थल व्यवस्थापनको जिम्मेवारी पुरा गरी व्यानर सहित अध्यक्षज्यूको नेतृत्वमा पदाधिकारीहरु, संचालकज्यूहरु, सेयर सदस्यज्यूहरु तथा कर्मचारीहरुको उल्लेख्य सहभागिता रहृयो ।
- २०८० जेठ २२ गते हिलचुली बचत तथा ऋण सहकारी संस्था लि. को हलमा नेफ्स्कुनका संचालक एवं गोरखा नगरपालिकाका विभिन्न सहकारीहरुको अध्यक्ष तथा पदाधिकारीहरु विच छलफल तथा अन्तक्रिया कार्यक्रममा संस्थाका अध्यक्ष शरद बाबु कट्टेलको सहभागिता रहृयो ।
- नेफ्स्कुनको आयोजनामा २०८० जेठ २२ र २३ गते होटल गोरखा प्यालेसमा सुरक्षित ऋण परिचालन तथा जोखिम व्यवस्थापन तालिममा प्रबन्धक गणेश श्रेष्ठ र मुनु जोशीको सहभागिता रहृयो ।

आदरणीय सेयर सदस्यज्यूहरु,

संस्थागत ख्याति अर्थात संस्थाले पाएको उचाई र संस्थामा प्राप्त हुने मुनाफालाई प्रत्यक्ष प्रभाव पार्ने भनेको संस्थामा आबद्ध शेयर सदस्य महानुभावहरुको कृयाशिल सहभागिताले नै हो । फलस्वरुप संस्थामा आवद्ध नयाँ तथा पूराना सेयर सदस्यहरुले बचत तथा कर्जामा सहभागिता जनाईदिनुहुनेछ भन्ने पुर्ण आशा र विश्वास राख्दछु ।

संस्थाको आर्थिक मेरुदण्ड भनेको सेयर सदस्यहरुको नियमित बचत हुने हुनाले सबै सदस्यहरु संस्थाले तय गरेको विभिन्न खालको बचत योजनामा सहभागी हुँदै आगामी दिनमा संस्थाले लिएको उद्येश्य तथा लक्ष्य प्राप्तीका साथै आर्थिक कारोबार बृद्धि गर्नका लागी यहाँहरुको साथ र सहयोग हुनेछ भन्ने आशा राख्दै आगामी आ.ब. २०८०।८१ को लागि संस्थाले तय गरेको भावी कार्यक्रम प्रस्तुत गर्दछु ।

**भावी कार्यक्रमहरु :-**

१) निक्षेप तथा लगानीलाई प्रमुख प्राथमिकता दिंदै निक्षेपकर्ताहरुलाई प्रोत्साहन हुने खालको कार्यक्रमहरु ल्याइनुका साथै लगानीका विभिन्न शिर्षकहरुको पहिचान गरी लगानीको क्षेत्र विस्तार गरिनेछ ।

२) अध्ययन अवलोकन भ्रमणको व्यबस्था गरिने छ ।

३) विनियमको आधारमा विभिन्न कोषहरुमा मुनाफाको रकम बाँडफाँड गरी वितरणयोग्य मुनाफालाई लाभांशको रुपमा वितरण गरिने छ ।

४) संस्थाद्वारा पारित निति तथा कार्यविधिहरु समय अनुकुल संस्थागत हित हुने गरी परिमार्जन गर्दै लगिनेछ ।

५) संस्थामा शंकास्पद ऋणीहरुलाई शुन्यमा झार्नको लागी संस्थागत सुधारका उपायहरु खोजी गरी कार्यान्वयन गरिनेछ ।

६) समय अनुरुप राज्यको अर्थनितिमा आधारित रही व्याजदर परिवर्तन गरिदै लगिनेछ ।

७) शेयर सदस्य, संचालक समिति तथा उपसमितिहरु र कर्मचारीहरुलाई सहकारी शिक्षा एवं सीपमूलक तालिमको व्यबस्था गरिने छ ।

८) सेवा क्षेत्र विस्तार गरिने लक्ष्य लिएका छौं ।

९) सामाजिक उत्तरदायित्व अन्तर्गत गरिदै आएको कार्यक्रमलाई अझै विस्तार गरिनेछ ।

१०) एउटै प्रकृतिका र क्षेत्रका सहकारीहरुको एकीकरणको प्रकृया अगाडि बढाईनेछ ।

११) संस्थालाई आर्थिक रुपमा चुस्त, दुरुस्त र पारदर्शी बनाउन प्रविधिमा आधारित आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिनेछ ।

१२) शेयर सदस्यहरुको संख्या थप गर्दै लगीनेछ ।

१३) संस्थागत निक्षेप ल्याउनको लागी पहल गरिनेछ ।

१४) संस्थाले बार्षिक रुपमा संस्थाको योजना तयार गर्न योजना तर्जुमा गोष्ठीको आयोजना गर्नेछ ।

१५) संस्थाको विनियम पुनर्लेखन गरिनेछ ।

१६) संस्थामा आबद्ध सदस्यहरुलाई अझै क्रियाशिल र संस्थाप्रति जवाफदेही बनाउनको लागी विभिन्न खालको कार्यक्रम ल्याउने योजना बनाएका छौं ।

अन्त्यमा, मलाई सचिवको हैसियतले विश्वास गरि यो अवधि सम्म कार्य गर्ने अवसर दिनुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई धन्यबाद ज्ञापन गर्दै विगतमा जस्तै यो आर्थिक बर्षमा पनि संस्थाको उद्देश्य हाँसिल गर्न खट्नु हुने अध्यक्षज्यू, उपाध्यक्षज्यू, कोषाध्यक्षज्यू, सदस्यज्यूहरु, संस्थाका सल्लाहकारज्यू, विभिन्न समिति तथा उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, यो प्रतिवेदनमा आवश्यक तथ्याङ्कहरु उपलब्ध गराएर सहयोग गर्नु हुने प्रबन्धक लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छु । संस्थाको प्रगति प्रतिवेदन तथा सञ्चालक समितिद्वारा प्रस्तावित निति तथा कार्ययोजनाहरु उपर व्यापक छलफल र सुझाव सहित अनुमोदन गरिदिनु भई संचालक समितिलाई मार्गनिर्देश गरि दिनुहुनेछ भन्ने पुर्ण आशा ब्यक्त गर्दै प्रतिवेदन प्रस्तोता काजिराम श्रेष्ठ पुनः यहाँहरुको जिज्ञासा र छलफलमा भाग लिने प्रतिबद्धता ब्यक्त गर्दै बिदा हुन्छु । धन्यबाद । जय सहकारी ।

सचिव
काजिराम श्रेष्ठ

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

**हरमटारी गोरखा ।**

**तेह्रौं बार्षिक साधारण सभामा कोषाध्यक्ष श्री विशाल राना मगरद्वारा प्रस्तुत संस्थाको**

## आर्थिक प्रतिवेदन

मिति : २०८० भाद्र २ गते

आदरणीय अध्यक्ष ज्यू,

प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु, सल्लाहकारज्यू, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू तथा सदस्यज्यूहरु, संस्थाका पदाधिकारी एवं सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरु साथै उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को आजको यस तेह्रौं बार्षिक साधारण सभाको शुभ अवसरमा हार्दिक स्वागत गर्दै आर्थिक बर्ष २०७९/८० मा संस्थाले हाँसिल गरेको आर्थिक गतिविधिहरु समावेश गरी २०८० असार मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसुचीहरु साथै कोषाध्यक्षको आर्थिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन छलफल तथा अनुमोदनको लागी यहाँहरु समक्ष पेश गर्दछु ।

### १. संस्थाको वित्तिय स्थिति

संस्थाको गतबर्ष संगको तुलनात्मक वित्तिय स्थिति निम्नानुसार रहेको छ ।

| विवरण | चालु आ.व. | गत आ.व. | वृद्धि (रकममा) | वृद्धि (% मा) |
|---|---|---|---|---|
| चुक्ता पुँजी | ३,८१,१७,४००।०० | ३,७८,७२,९००।०० | २,४४,५००।०० | ०।६५ |
| जगेडा कोष | ६६,९१,२६१।८४ | ५२,२०,२५०।०० | १४,७१,०११।८४ | २८।१८ |
| स्थिर सम्पत्ति | १,३६,०५,३६४।८७ | ७०,४२,३१४।०० | ६५,६३,०५०।८७ | ९३।१९ |
| कुल निक्षेप | १८,४२,९२,६९४।६४ | १६,३९,१९,२६९।०० | २,०३,७३,४२५।६४ | १२।४३ |
| कुल कर्जा लगानी | १५,२४,८९,१६६।८० | १५,२०,०१,११०।०० | ४,८८,०५६।८० | ०।३२ |
| बैंक तथा नगद | ७,२५,०४,१३८।०४ | ५,२२,९१,३३८।०० | २,०२,१२,८००।०४ | ३८।६५ |

### २. संचालन नतिजा

| विवरण | चालु आ.व. | गत आ.व. | वृद्धि/कमी (रकममा) | वृद्धि/कमी (प्रतिशतमा) |
|---|---|---|---|---|
| लगानीमा व्याज आम्दानी | २,७२,३५,७०३ | २,२०,२३,९७७ | ५२,११,७२६ | २३।६६ |
| विप्रेषण आम्दानी | ६,४३,९८५ | ९,१७,९०० | (२,७३,९१५) | (२९।८४ |
| अन्य आम्दानी | १९,६०,५८६।६५ | ७,७४,४६३।०० | ११,८६,१२४ | १५३।१५ |
| व्याज खर्च | १,७६,६२,२९२ | १,२३,५५,६११ | ५३,०६,६८१ | ४२।९५ |
| संचालन खर्च | ४४,९१,८४५ | ४७,६४,९८१ | (२,७३,१३६) | (५।७३ |
| कर्जा नोक्सानी व्यवस्था | १०,२१,१११ | १४,६०,६९८ | (४,३९,५८७) | (३०।०९ |
| ह्रास खर्च | ४,७१,२९५ | २,७८,५९४ | १,९२,७०१ | ६९।१७ |
| आयकर | ३,०९,६८७ | २,४२,८२३ | ६६,८६४ | २७।५४ |
| खुद मुनाफा | ६१,९३,७३२ | ४८,५६,४५६ | १३,३७,२७६ | २७।५४ |
| प्रति शेयर मुनाफा | १६।२५ | १२।८२ | | ३।४३ |

### ३. निक्षेप संकलन

| क्र. सं. | विवरण | यस आ.व.रकम रु. | गत आ.व. रकम रु. | वृद्धि/कमी (रकममा) | वृद्धि/कमी (% मा) |
|---|---|---|---|---|---|
| १ | आवधिक बचत | ७,२३,०७,७५१ | ६,२८,५२,०७३ | ९४,५५,६७८ | १५.०४ |
| २ | मासिक बचत | २,०६,१८,५६५ | १,५१,९०,५४१ | ५४,२८,०२४ | ३५.७३ |
| ३ | साधारण बचत | ३,३०,२१,५६२ | २,९४,८४,१६० | ३५,३७,४०२ | १२.०० |
| ४ | दैनिक बचत | ९२,७८,६८९ | १,०१,८७,५४३ | (९,०८,८५४) | (८.९२) |
| ५ | चल्ती खाता बचत | ४,९४,८७० | ३३,७२,८२० | (२८,७७,९५०) | (८५.३३) |
| ६ | बिशेष बचत | २,०१,८४,८६८ | १,८७,८३,५९६ | १४,०१,२७२ | ७.४६ |
| ७ | नारी बचत | १,६३,०५,१७४ | १,५४,५४,५९९ | ८,५०,५७५ | ५.५० |
| ८ | बाल बचत | ७०,२१,३२८ | ३६,७२,२१८ | ३३,४९,१०९ | ९१.२० |
| ९ | जेष्ठ नागरिक बचत | २२,२८,१२२ | ३०,८५,५९२ | (८,५७,४७०) | (२७.७९) |
| १० | कर्मचारी बचत | २३,६४,९६३ | १८,१७,१४४ | ५,४७,८१९ | ३०.१५ |
| ११ | भु. पु. सैनिक बचत | २७,८०३ | १८,९८३ | ८,८२१ | ४६.४७ |
| १२ | बाल भविष्य बचत | ४,३९,००० | - | ४,३९,००० | |
| | जम्मा | १८,४२,९२,६९५ | १६,३९,१९,२६९ | २,०३,७३,४२६ | १२.४३ |

### ४. कर्जा लगानी

| क्र. सं. | विवरण | यस आ.व.रकम रु. | गत आ.व. रकम रु. | वृद्धि/कमी (रकममा) | वृद्धि/कमी (% मा) |
|---|---|---|---|---|---|
| १ | कृषि, पर्यटन तथा घरेलु उद्योग कर्जा लगानी | ४६,७३,००९ | ४६,००,०९७ | ७२,९१२ | १.५९ |
| २ | किस्ताबन्दी कर्जा लगानी | ३,६२,७७,२३९ | २,८५,२३,४७९ | ७७,५३,७६० | २७.१८ |
| ३ | घरायसी कर्जा लगानी | ४३,८४७ | | ४३,८४७ | |
| ४ | हायर पर्चेज कर्जा लगानी | १,५९,७१,४०४ | २,३९,२६,७२१ | (७९,५५,३१७) | (३३.२५) |
| ५ | सामुहिक जमानी कर्जा लगानी | ४,७७,५०,००० | ३,५८,००,०४९ | १,१९,४९,९५१ | ३३.३८ |
| ६ | अल्पकालिन कर्जा लगानी | ३,९७,४२,९४० | ५,०४,५५,७२३ | (१,०७,१२,७८३) | (२१.२३) |
| ७ | ब्यापारिक कर्जा लगानी | ४९,४०,७२८ | ६३,८५,६७१ | (१४,४४,९४३) | (२२.६३) |
| ८ | मुद्धती बचतमा कर्जा लगानी | ३०,९०,००० | २३,०९,३७० | ७,८०,६३० | ३३.८० |
| | जम्मा | १५,२४,८९,१६७ | १५,२०,०१,११० | ४,८८,०५७ | |

आदरणीय शेयर सदस्यज्यूहरु,

अब म संस्थाको आ.व. २०७९/८० को लेखापरीक्षण प्रतिवेदन पेश गर्न चाहन्छु । साथै प्रतिवेदन उपर गहन छलफल गरी अनुमोदन गरीदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

अन्यमा शेयरधनीहरुले निरन्तर रुपमा हामी प्रति देखाउदै आउनु भएको आत्मियता, न्यानो माया र विश्वास प्रति आभार प्रकट गर्दै संस्थाका व्यवस्थापक लगायत कर्मचारी र लेखापरीक्षकलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । हामी शेयर सदस्य महानुभावहरुलाई उच्च स्तरीय सेवाको माध्यामबाट दीर्घकालीन र पारस्परिक सम्बन्ध र सहयोगको विस्तार गर्न प्रतिबद्ध रहेको कुरा विश्वास दिलाउँदै बिदा हुन चाहन्छु । धन्यवाद ।

जय सहकारी ।

कोषाध्यक्ष
विशाल राना मगर

B & Associates

Pokhara Municipality -13, Kaski, Nepal

PAN No. : 602309624
Ican Membership. No.: 6113
Certified No.: 3256 'B'

## स्वतन्त्र लेखा परिक्षकको प्रतिवेदन

श्री अध्यक्ष तथा शेयर सदस्य ज्युहरु
श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी सस्था लिमिटेड,
गोरखा न.पा-०६, हरमटारी, गोरखा

हामीले त्यस श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी सस्था लिमिटेड, गोरखा न.पा-०६, हरमटारी, गोरखाको यसैसाथ संलग्न २०८० आषाढ मशान्तको बित्तिय स्थितिको बिवरण (वासलात), नगद प्रवाह बिवरण र सो मितिमा समाप्त भएको आर्थिक बर्ष २०७९।०८० को कार्य सञ्चालन बिवरण (सञ्चालन नतिजा), नगद प्रवाह बिवरण, इक्वीटीमा भएको परिवर्तन एवं प्रमुख लेखा नितिहरु तथा लेखा सम्बन्धी ब्याख्यात्मक टिप्पणीहरुको लेखा परिक्षण सम्पन्न गरेका छौ ।

### ❖ हाम्रो राय

हामीले लेखा परिक्षण गरेका बित्तिय बिवरणहरुको आधारमा देहाय बमोजिम को प्रतिवेदन पेश गरेका छौ ।

१. हामीले लेखापरिक्षणको क्रममा आवश्यक ठानेका जानकारी तथा स्पष्टीकरण सन्तोषजनक रुपमा पायौं ।

२. यस प्रतिवेदनमा सम्बन्धित बित्तिय स्थिती बिवरण आय बिवरण तथा तत्सम्बन्धी अनुसुचीहरु सस्थाले राखेको हिसावसंग दुरुस्त रहेका छन ।

३. हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परिक्षण गरेका श्रेस्ताहरुबाट सञ्चालक समितीका कुनैपनी सदस्य वा सस्थाका कर्मचारीले कानुनी ब्यवस्था बिरुद्ध कामकाज वा हानी नोक्सानी गरेको, निक्षेपकर्ता तथा लगानीकर्ताहरुको हक वा हित बिपरित हुने कुनै काम गरेको पाएनौ ।

४. सस्थाको श्रेस्ता तथा हिसाव किताब प्रचलित कानुन एवं सहकारी ऐन नियमावली बमोजिम ठिकसंग राखिएको छ ।

५. हाम्रो रायमा सस्थाबाट प्राप्त बिवरणहरु लेखा परिक्षणका लागी पर्याप्त रहेका छन ।

६. हामीले लेखा परिक्षणको शिलशिलामा आवश्यक ठानी सोधनी तथा कैफियत गरेका कुराहरुको जवाफ तथा स्पष्टिकरण सन्तोषजनक पायौं जुन हाम्रो ज्ञान र बिश्वासमा लेखा परिक्षणको लागी आबश्यक थियो ।

हाम्रो रायमा यस प्रतिवेदनसंग सम्बन्धित बित्तिय स्थितिको बिवरण (वासलात) सोही मितीमा समाप्त भएको आ.ब. २०७९/०८० को सञ्चालन नतिजा इक्विटीमा भएको परिवर्तन र नगद प्रवाह बिवरण सहकारी ऐनले तोके बमोजिम तयार भएका छन ।

Mobile No. 9856064264
E-mail : b.auditor1033@gmail.com

हाम्रो रायमा लंगफर्म प्रतिवेदनमा लेखिएका बुंदाहरु तथा त्यसबाट बित्तिय बिवरणमा पर्ने असर बाहेक संलग्न बित्तिय बिवरणहरु लेखा संग सम्बन्धित टिप्पणीहरुका साथ अध्ययन गर्दा २०८० आषाढ ३१ को आर्थिक स्थिति तथा सोही मितीमा समाप्त भएको आ.व.२०७९/०८० को सञ्चालन नतिजा तथा नगद प्रवाह बिवरणले सारभुत रुपमा यथार्थ एवं समुचित चित्रण गर्दछ ।

❖ **रायका आधारहरु**

लेखा परिक्षण नेपाल लेखापरिक्षणमानका आधारमा गरिएको छ । बित्तिय बिवरणहरु सारभुत रुपमा गलत आंकडा रहित छन भन्ने कुरामा बिश्वस्त हुनका लागी यी मान अनुसार लेखा परिक्षण योजना तयार गरी तदअनुसार लेखा परिक्षण सम्पन्न गर्नु पर्दछ । बित्तिय बिवरणमा उल्लेखित रकम र खुलाइएका अन्य बिवरणलाई पुष्टयाइ गर्ने प्रमाणको छडके परिक्षण समेत लेखा परिक्षणमा समावेस हुन्छ । सस्थाले अवलम्वन गरेका लेखा सिद्धान्त, ब्यबस्थापनले गरेका महत्वपुर्ण लेखा अनुमान एवं बित्तिय बिवरण प्रस्तुतीको समग्र स्थितिको मुल्याङ्कन पनी लेखा परिक्षणमा समावेश हुन्छ । हाम्रो लेखापरिक्षणले हाम्रो रायलाई प्रयाप्त आधार प्रदान गर्ने कुरामा हामी बिश्वस्त छौ । हामी नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाले जारी गरेको Code of Ethics Professional Accountants तथा अन्य नैतिक आवश्यकता अनुरुप स्वतन्त्र रही लेखापरीक्षण सम्पन्न गरेका छौ ।

❖ **व्यवस्थापनका उत्तरदायित्वहरु**

बित्तिय बिवरणहरु नेपाल लेखामान बमोजिम तयार गरी प्रस्तुत गर्ने उत्तरदायीत्व ब्यवस्थापनमा रहेको छ । यो उत्तरदायित्व अन्तर्गत जालसाजी वा त्रुटीहरुबाट हुन सक्ने सारभुत रुपमा त्रुटीरहित बित्तिय बिवरण तयार गर्ने तथा प्रस्तुत गर्ने आन्तरिक नियन्त्रण प्रणालीको बनावट, कार्यान्वयन र कायम गर्ने उचित लेखा नितिहरुको चयन गर्ने एवं कार्यान्वयन गर्ने तथा परिस्थिती अनुरुप उचित लेखा सम्बन्धी अनुमान गर्ने दायित्व पनी समावेश हुन्छ ।

❖ **लेखा परिक्षकको उत्तरदायित्व,**

प्रचलित कानुनको अधिनमा रही लेखाका सर्वमान्य सिद्धान्त अनुसार ब्यवस्थापनले तयार गरेका बित्तिय बिवरणहरु माथी लेखा परिक्षणका आधारमा आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले हाम्रो लेखापरिक्षण नेपाल लेखापरिक्षणमान बमोजिम सम्पन्न गरेका छौ ।

B & Associates ★ Regd. Auditor ★ Pokhara-13, Kaski

.................................
बिष्णु प्रसाद बराल
बि एण्ड एसोसियट्स
दर्तावाल लेखापरीक्षक

गोरखा न.पा.-०६, हरमटारी
२०८० साउन १०

UDIN No:-230805RA06113y3MZa

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

**गोरखा न.पा.-०६, हरमटारी, गोरखा**

२०८० असार मसान्तको वासलात

| पुंजी तथा दायित्व | अनुसूची | ३१ आषाढ २०८० | ३२ आषाढ २०७९ |
|---|---|---|---|
| शेयर पुँजी | १ | ३,८१,१७,४०० | ३,७८,७२,९०० |
| जगेडा कोष | २ | ६६,९१,२६२ | ५२,२०,२५० |
| वैधानिक तथा अन्य कोषहरु | ३ | ६५,५१,७८४ | ५७,४३,७०५ |
| बाह्य ऋण तथा सापटी | ४ | ( | ( |
| बचत तथा निक्षेप दायित्व | ५ | १८,४२,९२,६९५ | १६,३९,१९,२६९ |
| पुँजीगत अनुदान तथा विविध कोष | ६ | - | - |
| चालू दायित्व तथा व्यवस्था | ७ | ६,४१,३६२ | ७,६४,९७६ |
| कर्जा नोक्सानी व्यवस्था | ८ | ३८,५८,८०९ | २८,३७,६९८ |
| अन्य दिर्घकालिन दायित्व | ९ | ७,१८,६१६ | ६,२०,८८१ |
| आयकर दायित्व | | ३,०९,६८७ | २,४२,८२३ |
| स्थगन कर दायित्व | १० | - | - |
| **जम्मा** | | २४,११,८१,६१४ | २१,७२,२२,५०३ |
| | | | |
| **सम्पत्ति** | **अनुसूची** | **३१ आषाढ २०८०** | **३२ आषाढ २०७९** |
| नगद मौज्दात | ११ | ६,३७,७३८ | १०,९३,८५४ |
| बैंक मौज्दात | १२ | ७,१८,६६,४०० | ५,११,९७,४८४ |
| लगानी | १३ | १,२०,७०० | १,१०,७०० |
| कर्जा तथा सापट लगानी | १४ | १५,२४,८९,१६७ | १५,२०,०१,११० |
| चालु सम्पत्ति | १५ | २४,६२,२४५ | ५७,७७,०४१ |
| स्थिर सम्पत्ति | १६ | १,३६,०५,३६५ | ७०,४२,३१४ |
| गैर बैकिंग सम्पती | १७ | - | - |
| अन्य दीर्घकालिन सम्पत्ति | | - | - |
| स्थगन कर सम्पत्ति | १० | | - |
| **जम्मा** | | २४,११,८१,६१४ | २१,७२,२२,५०३ |

महत्वपूर्ण लेखा सिद्धान्त, नीति तथा लेखा टिप्पणी २५

अनुसूची १ -१७ र २५ वित्तिय विवरणको स्थितिको अभिन्न अंग रहने

................ व्यवस्थापक ................ कोषाध्यक्ष ................ सचिव ................ अध्यक्ष ................ लेखापरिक्षक

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा.-०६, हरमटारी, गोरखा

आर्थिक बर्ष २०७९/०८० को
नाफा नोक्सान हिसाब

| आम्दानी | अनुसूची | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| ब्याज आम्दानी | १८ | २,७२,३५,७०३ | २,२०,२३,९७७ |
| ब्याज खर्च | १९ | १,७६,६२,२९२ | १,२३,५५,६११ |
| **वित्तीय कारोबारबाट खुद आम्दानी** | | **९५,७३,४११** | **९६,६८,३६६** |
| अन्य संचालन आम्दानी | २० | ९,८८,०७६ | १२,४४,४३७ |
| बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ब्याज | २१ | १६,०३,१४१ | ४,४७,९२५ |
| **कुल संचालन आम्दानी** | | **१,२१,६४,६२८** | **१,१३,६०,७२८** |
| कर्मचारी खर्च | २२ | २०,४१,३७८ | २२,६३,८६० |
| प्रशासनिक खर्च | २३ | २४,५०,४६७ | २५,०१,१२२ |
| ह्रासकट्टी खर्च | १६ | ४,७१,२९५ | २,७८,५९३ |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको संचालन मुनाफा** | | **७२,०१,४८८** | **६३,१७,१५४** |
| संभावित नोक्सानी व्यवस्था | ६ | **१०,२१,१११** | **१४,६०,६९८** |
| **संचालन मुनाफा वा (नोक्सान)** | | **६१,८०,३७७** | **४८,५६,४५६** |
| गैर संचालन आम्दानी | २४ | १३,३५५ | ( |
| संभावित नोक्सानी व्यवस्था फिर्ता | ८ | | ( |
| **नियमित कारोबारबाट भएको मुनाफा वा (नोक्सान)** | | **६१,९३,७३३** | **४८,५६,४५६** |
| असामान्य कारोबारबाट भएको आम्दानी (खर्च) | | - | |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | | **६१,९३,७३३** | **४८,५६,४५६** |
| कर्मचारी बोनस | | ( | |
| **कर अघिको नाफा (नोक्सान)** | | **६१,९३,७३३** | **४८,५६,४५६** |
| आयकर खर्च | | **३,०९,६८७** | **२,४२,८२३** |
| यस वर्षको कर व्यवस्था | | ३,०९,६८७ | २,४२,८२३ |
| विगत वर्षसम्मको कर व्यवस्था | | - | |
| यस बर्सको स्थगन कर (आम्दानी) खर्च | १० | | |
| **खुद नाफा (नोक्सान)** | | **५८,८४,०४६** | **४६,१३,६३३** |

महत्वपूर्ण लेखा सिद्धान्त, नीति तथा लेखा टिप्पणी २५
अनुसूची १८ - २५ नाफा नोक्सान हिसाबको स्थितिको अभिन्न अंग रहने

| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरिक्षक |
|---|---|---|---|---|

B & Associates, Regd. Auditor, Pokhara-13, Kaski

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा.-०६, हरमटारी, गोरखा

२०८० असार मसान्तमा समाप्त वर्षको

नाफा नोक्सान बाँडफाँड खाता

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---:|---:|
| यस वर्षको शुरुवातको मौज्दात | - | - |
| यस वर्षको खुद नाफा | ५८,८४,०४६ | ४६,१३,६३३ |
| **जम्मा** | **५८,८४,०४६** | **४६,१३,६३३** |
| **कोषमा बाँडफाँड** | | |
| जगेडा कोष | १४,७१,०१२ | ११,५३,४०८ |
